# रास्कोट नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कालीकोट

# रास्कोट नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड:१०** **संख्या: ०२** **मिति:२०८३।०३।३२**


## रास्कोट नगरपालिकाको आर्थिक ऐन, २०८३

नगर सभाबाट स्वीकृत मिति २०८३/०३।०७

१८ औँ नगर सभाबाट स्वीकृत

**प्रस्तावनाः**

रास्कोट नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम रास्कोट नगर सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **रास्कोट नगरपालिकाको आर्थिक विधेयक, २०८३** रहेको छ ।

(२) यो ऐन २०८३ साल साउन १ गतेदेखि रास्कोट नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति करः** रास्कोट नगरपालिका क्षेत्रभित्र अनुसूची-१ मा उल्लेखित भएबमोजिम साउन १ गतेदेखि सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

**३. भुमीकर(मालपोत)** : रास्कोट नगरपालिका क्षेत्रभित्र अनुसूची-२ मा उल्लिखित भए बमोजिम भूमिकर (मालपोत) लगाइने र असुलउपर गरिनेछ । तर सम्पत्ति कर लगाएको भूमिमा यो कर लगाइने छैन ।

**४ .घर बहाल करः** रास्कोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाईने र असूल उपर गरिने छ ।

**५. व्यवसाय करः** रास्कोट नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधार, व्यवसायको प्रकृतिका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिने छ ।साथै नगर भित्र व्यवसाय गर्ने सम्पुर्ण व्यवसायहरुको लगत संकलन गरि अनिवार्यरुपमा यस नगर कार्यापालिकाको कार्यालयमा दर्ता गरि वार्षिकरुपमा वार्षिक कर लगाईने छ।

**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** रास्कोट नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाईने र असूल उपर गरिनेछ ।

**७. सवारी साधन करः** रास्कोट नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**८. विज्ञापन करः** रास्कोट नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (६) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनछ ।

**९. मनोरन्जन करः** रास्कोट नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (७) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

**१०. बहाल विरौटी शुल्कः** रास्कोट नगरपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**११. पार्किङ शुल्कः** रास्कोट नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ शुल्कः** रास्कोट नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ सेवा वा व्यवसाय सञ्चालन भएमा आवश्क कार्यविधि बनाई कार्यविधिले तोके बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१३.सेवा शुल्क, दस्तुरः** रास्कोट नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (८) मा उल्लेखित घर नक्सा पास , सिफारिस शुल्क ,स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१४. पर्यटन शुल्कः** रास्कोट नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट प्रदेश कानूनले तोके बमोजिम हुने छ ।

**१५. कर छुट र दण्ड जरिवानाः**

यस आर्थिक ऐन बमोजिम कर तिर्ने दायित्व भएका करदाताले ऐन बमोजिम कर नतिरेमा र संकलन गरी दाखिला गर्ने दायित्व भएको कर्मचारीले ऐनबमोजिम कर संकलन नगरेमा वा समयमा दाखिला नगरेमा अनुसूची-९ बमोजिम कर छुट र दण्ड जरिवाना लगाईने छ।

१६. अन्य व्यवस्थाः रास्कोट नगरपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरि अनिवार्य असुल उपर गरि सेवा प्रवाह गर्नु पर्ने छ ।

## अनुसूची-१
## (दफाः २ संग सम्बन्धित)
## एकिकृत सम्पत्ति कर/घर करका दरहरूः (राजस्व शिर्षक नं.: ११३१३)

### क) सम्पत्ति कर

| सि.नं. | शिर्षक | करको दर | कैफियत |
|---|---|---|---|
| १ | पक्की आर.सि.सि. फ्रेम ढलान स्टक्चर एक तला सम्मको | रु.१५० (प्रति तला थपको रु ५० का दरले थप हुनेछ ) | |
| २ | सिमेण्ट जोडाईमा इट्टा वा ढुङ्गाको गारो — र टिन ढुङ्गाको छाना | रु. १०० | |
| ३ | माटोको जोडाईमाइ इट्टावा ढुङ्गाको गारो — जस्ता ढुङ्गाको छाना | रु. ७५ | |
| ४ | माटोको जोडाईमाइट्टावा ढुङ्गाको गारो — र खर छाना कच्ची घर, गोठ छाप्रोसमेत | रु. ५० | |
| | | | |

## अनुसूची - २
## (दफाः ३ संग सम्बन्धित)
## भूमिकर (मालपोत) का दरहरूः (राजस्व शिर्षक नं.: ११३१४)

### क)भूमिकर(मालपोत) :

- रास्कोट नगरपालिका अन्तर्गत वडा नं. ५ स्थित आर.सी.पी बजार क्षेत्रमा बाहेक १-९ वटै वडाका सबै किसिमका जग्गाहरुको मुल्य प्रति वर्ग मि. रु.०.१०।- का दरले भूमीकर लगाईने छ ।
- रास्कोट नगरपालिका आर.सि.पी बजार क्षेत्रमा रहेका जग्गाहरुको प्रति वर्ग मि. रु. ०.२० का दरले भुमिकर लगाईने छ।

## अनुसूची-३
## (दफाः ४ संग सम्बन्धित)
## घरबहाल करका दरहरूः (राजस्व शिर्षक नं.: ११३२१)

### क. घर बहाल कर

| क्र.स. | विवरण | करको दर | कै. |
|---|---|---|---|
| १ | जुन सकै प्रयोजनको लागि दिइएको घर / जग्गा बहालबापत बहाल दरको जम्मा रकमको प्रति महिना | १० प्रतिशत | । |

**अनुसूची-४**

**दफा-५ संग सम्बन्धित**

**आ.व ०८३/०८४ को लागि स्वीकृत व्यवसाय करको दररेट**

| संकेत नं. | व्यवसायको विवरण | आ.व ०८२।०८३ का लागि स्वीकृत | आ.व ०८३।०८४ का लागि स्वीकृत |
|---|---|---|---|
| १. | **मर्मत तथा संभार सेवा तर्फ** | | |
| | चार पांग्रे गाडी मर्मत | २५००।— | २५००।— |
| | मोटरसाईकल मर्मत | १५००।— | १५००।— |
| | रेडियो,घडी,मोवााइल तथा विभिन्न विद्युितीय उपकरण मर्मत | ५००।— | ५००।— |
| | टायर,पञ्चर टाल्ने र टायरमा हावा भर्ने | १०००।— | १०००।— |
| | साइकल, कुकुर,पंाखा,छाता, स्टोभ आदि मर्मत | ५००।— | ५००।— |
| | **स्वास्थ्य सेवातर्फ** | | |
| | डाक्टर सेवा नभएको मेडिकल पसल , किल्निक सेवा | ६००। | ६००। |
| | फार्मेसी सेवा | १०००।- | १०००।- |
| ३. | **शिक्षा सेवा तर्फ** | | |
| | निजिस्तरबाट संचालित चाइल्ड केयर तथा मोन्टेश्वरी | **१००० ।-** | **१००० ।-** |
| | प्रा.वि तहका निजी विद्यालय | **१५०० ।-** | **१५०० ।-** |
| | नि.मा.वि निजी विद्यालय | **२०००** | **२०००** |
| ४. | **संचार सेवा तर्फ** | | |
| | फोन, फ्याक्स र फोटोकपी, प्रिन्टिङ | १०००। | १०००। |
| | एफ.एम. रेडियो | ५०००। | ५०००। |
| ५. | **छपाई तथा प्रकाशन** | | |
| | अफ सेट प्रेस,छाप, | ५०००। | ५०००। |
| | साधारण प्रेस, छाप, स्क्रिन प्रिन्ट अदि | १५००। | १५००। |
| ६. | **वित्तीय सेवा तर्फ** | | |
| | क वर्गका बैंकहरु शाखा कार्यालय | २००००। | २००००। |
| | ख वर्गका बैंकहरु शाखा कार्यालय | १५०००। | १५०००। |
| | ग वर्गका बैंकहरु शाखा कार्यालय | १००००। | १००००। |
| | सहकारी बैकं र बचत तथा ऋण सहकारी तथा वित्तिय संस्थाहरु (क) श्रेणीः २ करोड भन्दा बढी कारोवार हुने | १००००। | १००००। |
| | आर्थिक कारोवार गर्ने सहकारी तथा वित्तिय संस्थाहरु (ख) श्रेणी ाः२ करोड भन्दा कम कारोवार हुने | ५०००। | ५०००। |
| | अन्य कारोवार गर्ने सहकारी संस्थाहरु | १०००। | १०००। |
| | बिमा कम्पनीका शाखा हरु | ८०००।- | ८०००।- |
| | मनि टान्रसफर सम्वन्धि कार्य गर्ने (क) श्रेणी | ५०००। | ५०००। |
| | मनि टान्रसफर सम्वन्धि कार्य गर्ने (ख) श्रेणी | २५००। | २५००। |
| ७. | **होटल, लज तथा रेष्टुरेन्ट** | | |

| | | | |
|---|---|---|---|
| | लज मात्र भएको | २०००। | २०००। |
| | राम्रो खालको रेष्टुरेन्ट | ३०००। | ३०००। |
| | सामान्य खालको रेष्टुरेन्टबार | २५००। | २५००। |
| | सामान्य खालको होटल | १५००। | १५००। |
| ८. | **चिया नास्ता तथा चाट पसल** | | |
| | मिष्ठान्न भण्डार सहितको चिया नास्ता पसल | १२००। | १२००। |
| | ग्रामीण क्षेत्रको चिया नास्ता पसल | ५००। | ५००। |
| ९ | **मासु पसल** | | |
| | एकभन्दा बढी आइटम राखी मासु बेच्ने पसल | २०००। | २०००। |
| | रांगा खसी र वंगुरमध्ये कुनै एकको मात्र मासु बेच्ने पसल | १५००। | १५००। |
| | माछा, कुखुरा,हांस तथा अन्य पंक्षीको मासु बेच्ने पसल | १०००। | १०००। |
| १० | **मेटल वर्क सप** | | |
| | क श्रेणी (ग्रील सटर निर्माण समेत ) ख श्रेणी (सामान्य ग्रील मर्मत ) | ३०००। | ३०००। |
| | स्टील,काठ फर्निचर, कार्पेट विक्रेता | ३०००। | ३०००। |
| ११ | **साना तथा मझौंला उद्योग** | | |
| | कृषि तथा वन जन्य उद्योग | ५००। | ५००। |
| | प्रशोधन जन्य उद्योग | ५००। | ५००। |
| | काष्ठ उद्योग | २०००। | २०००। |
| | राडीपाखी, ढाँका लगायतका साना कुटी उद्योगहरु | ५००। | ५००। |
| १२. | **तरकारी र फलफुल पसल** | | |
| | थोक पसल | १०००। | १०००। |
| १३. | मिलहरुः प्रति हर्ष पावर | (क)२०००।<br>(ख)१०० | (क)२०००।<br>(ख)१०० |
| १४. | **किराना तथा खाद्य पसल** | | |
| १४.१ | नगरमा उच्च स्तरको किराना तथा खाद्य पसल | १५००। | १५००। |
| १४.२ | नगरमा मधयम स्तरको किराना तथा खाद्य पसल बिक्री कक्षको अतिरिक्त गोदाम समेत राखेको किराना तथा खाद्य पसल | २०००। | २०००। |
| १४.३ | नगरमा सामान्य स्तरको किराना तथा खाद्य पसल | १०००। | १०००। |
| १४.५ | नगरमा निम्न  स्तरको किराना तथा खाद्य पसल | ५००। | ५००। |
| १४.६ | दैनिक उपभोगका खाद्य पदार्थ | ५००। | ५००। |
| १५. | **काँचो कपडा, रेडिमेड, फेन्सी, जुत्ता, चप्पल पसल** | | |
| १५.१ | नगरमा सामान्य स्तरको पसल (सामान्य बिक्री कक्षमात्र भएको पसल | २०००। | २०००। |
| १५.२ | नगरमा सामान्य स्तर को पसल (सामन्य बिक्री कक्षमात्र भएको पसल ख वर्ग | ५००। | ५००। |
| | | | |
| १५.३ | नगरमा निम्न स्तर को पसल (सानो बिक्री कक्षमात्र भएको पसल ) | ५००। | ५००। |

| | | | |
|---|---|---|---|
| १५.४ | ऊन तथा उनको कपडाको फुटकर विक्रेता | ५००। | ५००। |
| १५.५ | सामान्य घुम्ती पसल | २००। | २००। |
| १६ | पलाष्टिक जन्य पसल | १०००। | १०००। |
| १७. | कम्प्युटर, मोवाईल, टि.भि, रेडियो, घडि तथा अन्य विद्युतीय सामान बेच्ने पसल तथा इलेक्ट्रोनिक्स पसल | १५०० | १५०० |
| | रेडियो, घडि मात्र राखेको सामान्य पसल | १०००। | १०००। |
| १८. | **अडियो, भिडियो, क्यासेट बिक्रि तथा मर्मत** | | |
| १८.१ | अडियो, भिडियो, क्यासेट,साउण्ड बक्स बिक्रि तथा मर्मत (क) श्रेणीमा पर्ने | ५००। | ५००। |
| १८.२ | अडियो भिडियो क्यासेट,साउण्ड बक्स बिक्रि तथा मर्मत (ख) श्रेणीमा पर्ने | ५००। | ५००। |
| **१९.** | **भाडा पसल** | | |
| | सामान्य भाडा पसल | १०००। | १०००। |
| २०. | कुखुरा पालन व्यवसाय | | |
| | ५०० देखि १००० सम्म कुखुरा पाल्ने फार्म | १५००। | १५००। |
| | ५०० भन्दा कम कुखुरा पाल्ने फार्म | १०००। | १०००। |
| **२१.** | **स्टेशनरी सामान, पुस्तक पसल** | | |
| | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल | २०००। | २०००। |
| | | | |
| | स्टेशनरी सामान, पुस्तक तथा पत्रपत्रिकाको खुद्रा पसल (ख वर्ग) | १०००। | १०००। |
| | स्टेशनरी मात्र वा पुस्तक मात्र बिक्री गर्ने पसल | ५००। | ५००। |
| २२. | निर्माण सामग्री, हार्डवेयर, सिसा तथा विद्युत सामाग्री पसल | ३००० | ३००० |
| २३. | फोटो स्टुडियो | ५०० | ५०० |
| २४. | सैलुन तथा ब्युटी पार्लर पसल | ५०० | ५०० |
| २५. | टेलर | ५०० | ५०० |
| २६. | एग्रोभेट पसल | १०००। | १०००। |
| २७. | वार्षिक सवारी कर | | |
| २८. | **विशेषज्ञ, परामर्श तथा अन्य व्यवसायिक सेवा** | | |
| | चिकित्सक | १०००। | १०००। |
| | कविराज | ५००। | ५००। |
| | ईन्जीनियर | ३०००। | ३०००। |
| | अन्य सबै प्रकारका | १०००। | १०००। |
| **२९.** | कानुन व्यवसायीः वरिष्ठ | २०००। | २०००। |
| ३०. | अधिवक्ता | १०००। | १०००। |
| | अभिकर्ता | ५००।- | ५००।- |
| | फुल र बिरुवा बिक्रेता | ५००। | ५००। |
| | सिसा, प्लाइउड विक्रेता | १०००। | १०००। |
| | खेलौंना उपहार (गिफ्ट )विक्रेता | १०००। | १०००। |
| ३१. | चुरा पोते पसल | ५००। | ५००। |

| | | | |
|---|---|---|---|
| ३२. | चस्मा पसल | ५००। | ५००। |
| **३३.** | **औद्योगिक कारखाना तथा उद्योगहरुमा** | | |
| | अस्थायी । स्थायी क्रसर उद्योग अनुमति दर्ता सिफारिस | ३००००० ।- | ३००००० ।- |
| | क्रसर उद्योग वार्षिक नवीकरण | २००००० ।- | २०००००।- |
| | ढुङ्गा चट्टा तथा फिनिसीङ उद्योग | ३५००। | ३५००। |
| | टायल,मार्वल उद्योग तथा सप्लार्यस | ३५००। | ३५००। |
| | सटर ग्रील उद्योगबाट | ५०००। | ५०००। |
| | सोलार व्यवसाय | ५०००। | ५०००। |
| | जडिवुटी बिक्री तथा प्रसोधन | २५००। | २५००। |
| ३४. | साउण्ड सिस्टम भाडा तथा बिक्री | २०००। | २०००। |
| ३५. | डिपार्टमेन्टल सुपर मार्केट | ५०००। | ५०००। |
| ३६. | खसी बोका बिक्री केन्द्र | २०००। | २०००। |
| ३७. | बहाल विटौरी कर प्रति रोपनी | रु १० | रु १० |
| ३८. | ढुङ्गा,गिट्टी,बालुवा प्रति ट्याक्टर प्रति टिप | ५००। | ५००। |
| ४० | ढुङ्गा,गिट्टी,बालुवा प्रति ट्रिप्पर प्रति टिप | ८००। | ८००। |
| ४१ | पेट्रोल,डिजल,मट्टितेल बिक्री प्रति लिटर | १। | १। |
| ४२ | खाना पकाउने ग्यास प्रति सिलिन्डर | १०। | १०। |
| ४३ | व्यवसायिक भिडियो कर (प्रतिभिडियो ) | ५००।- | ५००।- |
| ४४ | सम्पत्ति मुल्यांकन शुल्क | ०.०५ प्रतिशत सम्म | ०.०५ प्रतिशत सम्म |

## निर्माण सेवा :नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यबसाय

| वर्ग | वार्षिक कर | इजाजत पत्र | नविकरण दस्तुर | ३ महिना भन्दा माथि ९ महिना सम्म म्याद नाघेमा थप दस्तुर | ९ महिना भन्दा माथि म्याद नाघेमा थप दस्तुर | इजाजत पत्र प्रतिलिपि |
|---|---|---|---|---|---|---|
| क वर्ग | रु. १५,००० ।- | - | | | | |
| ख वर्ग | रु. १०,००० ।- | - | | | | |
| ग वर्ग | रु. ८००० ।- | - | | | | |
| घ वर्ग | | रु. १००००।— | रु.४०००।— (आ.व. सुरु भएको मितिले ३ महिना सम्म ) | रु. २००० ।- | रु.३०००।— (१ वर्ष भन्दा बढि म्याद नाघेमा प्रति वर्ष रु. ३००० का दरले जरिवाना लाग्ने छ) | रु.२००० ।- |

माथि उल्लेख नभएका व्यवसायहरुमा व्यवसायको स्तर वा प्रकृति हेरी रु १००। देखी रु ५०००। सम्म कार्यालयबाट तोकी कर लगाउने छ । सम्पुर्ण व्यवसायहरुलाई अनिवार्यरुपमा यस कार्यालयमा दर्ता गर्न लगाई वार्षिकरुपमा कर लगाईने छ।

## अनुसूची- ५
## (दफाः ६ संग सम्बन्धित)
## जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरूः (राजस्व शिर्षक नं.: ११६३२)

| क.सं. | करका क्षेत्र/विवरण | दर रू. |
|---|---|---|
| १. | जडिबुटि, वनजन्य अन्य खनिज पदार्थहरु प्रति के.जी. मुल्यको | ५% |
| २. | कवाडी विक्री बापत प्रति के.जी. रु. | १। |
| ३. | अन्य विशेष बहुमुल्य खनिज पदार्थहरु मुल्यको आधारमा प्रति के. जी. मुल्यको | २०% |

## अनुसूची- ६
## (दफाः८ संग सम्बन्धित)
## विज्ञापन करको दर राजश्व शिर्षक नं. ३३३४३

| | | |
|---|---|---|
| १ | विज्ञापन सामग्री २५ व.फि सम्म | रु १०००।— |
| २ | विज्ञापन सामग्री २५ फिट भन्दा बढी प्रति वं. फि | रु ४०।' |
| ३ | साना किसीमका प्रचारका बोर्ड ४ व. फी सम्म | रु ३००।— |
| ४ | व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन सम्मको लागि | रु ५००।' |
| ५ | व्यानर सार्वजनिक स्थानमा प्रतिमिटर ७ दिन भन्दा बढि | रु ४००।' |
| ६ | १ मिटर र १ व.फि सम्मको विज्ञापनको | रु २००। |

## अनुसूची- ७
## (दफाः९ संग सम्बन्धित)
## मनोरञ्जन करको दर राजश्व शिर्षक नं. ३३३४२

| क.स | विवरण | |
|---|---|---|
| | मनोरञ्जन करःजादु, सर्कस, चकट, सिनेमाहल, भिडीयोहल, सास्कृतिक प्रदर्शनहल,थियटर, संगित, मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासीक स्थल, पुरातात्विकस्थल एवं धार्मिक महत्वका सम्पदाको प्रबेश शुल्कमा | ५ प्रतिशत |

अनुसूची- ८
(दफाः१३ संग सम्बन्धित)
सिफारिस दस्तुर राजश्व शिर्षक नं. १४२४३

## आ.व ०८३/०८४ को लागि स्वीकृत विभिन्न सिफारिस तथा मुल्यांकन सेवा शुल्क दस्तुरहरुको दररेट

| संकेत नं. | विवरण | आ.व ०८२⁄०८३ का लागि स्वीकृत | आ.व ०८३⁄०८४ का लागि स्वीकृत |
|---|---|---|---|
| १. | सिफारिस दस्तुर | १००। | १००। |
| २. | नया नागरिकता | १००। | १००। |
| ३. | नागरिकता प्रतिलिपि | १५० । | १५० । |
| ४. | अंगिकृत नागरिकता सिफारिस | ५००। | ५००। |
| ५. | नागरिकता फाराम | १०। | १०। |
| ६. | सामान्य सिफारिस दस्तुर(सबै प्रकारका ) | १०० | १०० |
| ७. | नाम, थर संशोधन सिफारिस | १५०। | १५०। |
| ८. | प्रतिलिपि दस्तुर (एफोर वा सो भन्दा सानो साइजमा ) | ५०। | ५०। |
| ९. | प्रतिलिपि दस्तुर एफोर साइजमा जस्तैः गुरुयोजना नक्सा | ३००। | ३००। |
| १०. | नगरपालिका बाट दिइने सुचना तथा राजपत्रको | २०। | २०। |
| ११. | राहदानी (परिचय पत्रमा)मा सिफारिस | ३००। | ३००। |
| १२. | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी (आवासीय ) | खानेपानी जडान १००। र विद्युत तथा टेलिफोन जडान १००। | खानेपानी जडान १००। र विद्युत तथा टेलिफोन जडान १००। |
| १३. | खानेपानी, विद्युत, टेलिफोन जडान र नामसारी(व्यवसायिक ) | १०००। | १०००। |
| १४. | चार किल्ला प्रमाणित सिफारिस प्रति १ वर्ग मिटर (न्यनतम शुल्क रु १०० सम्म) | २५ पैशा | २५ पैशा |
| १५. | चार किल्ला प्रमाणित सिफारिस प्रति १ कट्टा | २५। | २५। |
| १६. | ट्रेस नक्सा निर्माण तथा प्रमाणित पहिलो १ कित्ता माग भएमा | २००। | २००। |
| १७. | टे«स नक्सा प्रमाणित मात्रः पहिलो १ कित्ता माग भएमा | १५०। | १५०। |
| १८. | टे«स नक्सा १ कित्ता भन्दा बढी माग भएमा थप प्रतिकित्ता | २५। | २५। |

| | | | |
|---|---|---|---|
| १९. | कम्प्युटर अंग्रेजी टाइप सिफारिस | २००। | २००। |
| २०. | पेन्सनपट्टा सिफारिस (स्वदेशी  संस्थामा ) | २००। | २००। |
| २१. | पेन्सनपट्टा सिफारिस(विदेशी संस्था मा ) | १००। | १००। |
| २२. | औद्योगिक प्रयोजनको लागि (ठुलो सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | १५००। | १५००। |
| २३. | औद्योगिक प्रयोजनको लागि (सानो ) सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा ) | १०००। | १०००। |
| २४. | व्यवसायिक प्रयाजनको लागि (ठुलो)सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | ५००। | ५००। |
| | | | |
| २५. | व्यवसायिक प्रयाजनको लागि ( सानो)सर्जमिन दस्तुर (घरेलु कार्यालयलाई सिफारिस गर्दा) | ५००। | ५००। |
| २६. | अन्य सर्जमिन दस्तुर | २००। | २००। |
| २७. | अस्थायी ठेगाना प्रमाणित | २५०। | २५०। |
| २८. | मिलापत्र दस्तुर दुवै पक्षबाट | ५००। | ५००। |
| २९. | छुट जग्गा दर्ता सिफारिस प्रति रोपनी | ३००। | ३००। |
| ३०. | अव्यवीस्थत र सुकुम्वासी जग्गा दर्ता सिफारिस | २००। | २००। |
| ३१. | सम्बन्ध विच्छेद सिफारिस | २००। | २००। |
| ३२. | राजिनामा ÷वकसपत्र दस्तुर | ५००। | ५००। |
| ३३. | जग्गा मरुवा नामसारी सिफारिस | ५००। | ५००। |
| ३४. | जग्गा सिमा विवादमा अमिन खटाई सिमांकन गर्नु पर्दा | १०००। | १०००। |
| ३५. | योजना सम्झौता सिफारीस | ५००। | ५००। |
| ३६. | खाता संचालन सिफारीस | १००। | १००। |
| ३७. | योजना भुक्तानी सिफारीस | ५००। | ५००। |
| ३८. | नाता प्रमाणीत | १००। | १००। |
| ३९. | घरबाटो सिफारीस | ५००। | ५००। |
| ४०. | अपाङ्ग परिचय पत्र (स्मार्ट कार्ड) | १०० ।- | १०० ।- |
| ४१ | तलबमान प्रमाणित | १०० ।- | १०० ।- |
| ४२ | मोही लागत कट्टा प्रति रोपनी | १५०।- | १५०।- |
| ४३ | जग्गा मरुवा नामसारी | ५००।- | ५००।- |

## व्यक्तिगत घटना दर्ता राजश्व शिर्षक नं. १४२४४

**राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण नियमावली, २०७७ मा प्रकाशित बमोजिम व्यक्तिगत घटना दर्ता सम्बन्धी दस्तुर तथा शुल्क देहाय बमोजिम लाग्ने छ ।**

| क्र.सं. | सम्बन्धित नियम | विषय | शुल्क तथा दस्तुर |
|---|---|---|---|
| १ | घटना घटेको ३५ दिन भित्र | | निःशुल्क |
| २ | घटना घटेका ३५ दिन पछी | परिचयपत्रको विलम्ब दस्तुर | रु.२०० ।- |
| ३ | प्रमाणपत्र हराएको वा प्रतिलिपी | परिचयपत्रको प्रतिलिपि दस्तुर | रु.५०० ।- |
| ४ | घटना दर्ताको किताबमा रेकर्ड हेरेमा | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर | निशुल्क |

## योजना कार्य सम्पन्न शुल्क —राजश्व शिर्षक नं. १४२४३

| सि.न. | विवरण | दर रु. |
|---|---|---|
| १. | रु. १ लाख सम्मको योजनाको लागी | ५००।- |
| २. | १ लाख १ देखि माथि रु. ५ लाख सम्मको योजनाको लागी | रु.१५००।- |
| ३. | रु. १० लाख सम्मको लागि | रु.२५००।- |
| ४. | रु. २० लाख सम्मको लागी | रु.३५०० ।- |
| ५. | रु. ३५ लाख सम्मको लागी | रु.४५००।- |
| ६. | रु. ५० लाख सम्मको लागि | रु.६००० ।- |
| ७. | रु. ८० लाख सम्मको लागि | रु.८००० ।- |
| ८. | रु. १ करोड सम्मको लागि | रु ९००० ।- |
| ९ | रु एक करोड भन्दा माथि सबै किसिमका योजनाको | रु. १००००।- |

## संस्था दर्ता तथा नविकरणमा आ.व ०८३/०८४ को लागि स्वीकृत विभिन्न सिफारिस एवं मुल्यांकन दस्तुरहरुको दररेट

| क्र.स | शिर्षक | आ.व ०८२।८३ का लागि स्वीकृत रकम रु. | आ.व ०८३।०८४ का लागि स्वीकृत रकम रु. |
|---|---|---|---|
| १ | संस्था नयाँ दर्ता, दर्ता सिफारीस | १०००। | १०००। |
| २ | कृषक समुह दर्ता | २००। | ५००। |
| ३ | सहकारी संस्था दर्ता | | १००० |
| ४ | सहकारी संस्था नविकरण | | ५०० |
| ५ | कृषक समुह नविकरण सिफारिस ,संस्था नविकरण | १००। | ५००। |
| ६ | मौजुदा सूचीमा दर्ता वाफत(नगर भित्रका, १ लाख भन्दा बढी कारोबार भएमा) | | ५००।- |
| ७ | मौजुदा सूचीमा दर्ता वाफत | | १०००।- |
| ८ | आय स्रोत प्रमाणित सिफारिस | ०.०५प्रतिशत | ०.०५प्रतिशत |
| ९ | आधारभुत तह सम्मका लागि | १५००। | १५००। |
| १० | मा.वि तह सममका लागि | २५००। | २५००। |
| ११ | उच्च मा.वि तह सम्मका लागि | २५००। | २५००। |

| | | | |
|---|---|---|---|
| १२ | व्यक्तिगत घटना दर्ता प्रमाणित | ५०। | १००। |
| १३ | उद्योग स्थापना सिफारिस | ५००। | ५००। |
| १४ | उद्योग नामसारी सिफारिस | १५००। | १५००। |
| १५ | उद्योग ठाउँसारी सिफारिस | ५००। | ५००। |
| १६ | खानेपानी मुहान दर्ता | | १००० |
| १७ | उपभोक्ता समिति दर्ता (नगरका योजनाको लागि ) | | ५०० |
| १८ | उपभोक्ता समिति दर्ता( अन्य कार्यालयका योजनाको लागि) | | १००० |
| १९ | पशु बस्तु रांगा,भैंसी को निकासीको सिफारिस प्रति गोटा | ५०। | १००। |
| २० | पशु बस्तु खसी,बोका,भेडा,च्याङग्रा,थुमा,गाई,गोरु को निकासीको सिफारिस प्रति गोटा | ५०। | ५०। |
| २१ | पंक्षी निकासीको सिफारिस प्रति गोटा | | ५। |
| २२ | कृषि उत्पादन निकासी प्रति केजी | | १ ।- |
| २३ | गैर सरकारी संघ संस्था क्लव कम्प्युटर इन्स्टिच्युट आदिको सिफारिस | ५००। | ५००। |
| २४ | घर नक्सा पास नामसारी दस्तुर | ५००। | ५००। |
| २५ | घर खालि गराउदाँ प्रति दिन | ५००। | ५००। |
| २६ | नक्सा पास प्रति बर्ग फिट | रु. ५ । | रु. ५ । |
| २७ | **सरसफाई सेवा शुल्क** | | |
| २७.१ | कान्जी हाउस दस्तुर | १००। | १००। |
| २७.२ | वंगुर प्रतिज्यान | १००। | १००। |
| २७.३ | घोडा,खच्चर प्रति ज्यान | १००। | १००। |
| २७.४ | खसी वोका वाख्रा | १००। | १००। |
| २७.५ | हास कुखुरा | १०। | १०। |
| २८ | **पशुपन्छी सामान्य उपचार सेवा शुल्क सेवा** | | |
| २८.१ | गाई,भैंसी प्रति जीउ | ५०। | ५०। |
| २८.२ | भेडा बाखा प्रति जीउ | २०। | २०। |
| २८.३ | कुखुरा,हाँस तथा अन्य पन्छी प्रति जीउ | १०। | १०। |
| २८.४ | सुँगुर,बंगुर प्रति जीउ | २५। | २५। |
| २८.५ | कुकुर,बिरालो प्रति जीउ | ३०। | ३०। |
| २८.६ | जंगली जनावर प्रति जीउ | १००। | १००। |
| २८.७ | विशिष्ट जातका पन्छी सामान्य उपचार | | २०। |
| २८.८ | थुमा, बोका बन्ध्याकरण | | ५०। |
| २८.९ | राँगो, साँडे बन्ध्याकरण | २५० | २५० |
| २८.१० | कुकुर, विरालो बन्ध्याकरण | | |
| २८.११ | घोडा, खच्चर बन्ध्याकरण | | |
| २८.१२ | सुँगुर, बंगुर बन्ध्याकरण | | |
| २८.१३ | राँगो, भैंसी घाउ ड्रेसिङ | २०० | २०० |
| २८.१४ | गाई, गोरु घाउ ड्रेसिङ | | |
| २८.१५ | सँगुर, वंगुर घाउ ड्रेसिङ | | |
| २८.१६ | कुकुर, विरालो घाउ ड्रेसिङ | | |
| २८.१७ | भेडा, बाखा घाउ ड्रेसिङ | | |

| | | | |
|---|---|---|---|
| २८.१८ | जंगली जनावर घाउ ड्रेसिङ | | |
| २८.१९ | जंगली पन्छी सबैखाले घाउ ड्रेसिङ | | |
| २८.२० | घर पालुवा पन्छी सबैखाले घाउ ड्रेसिङ | | |
| २८.२१ | भैंसी बच्चा अड्केको | ५०० | ५०० |
| २८.२२ | गाई बच्चा अड्केको | | |
| २८.२३ | भेडा, बाखा बच्चा अड्केको | | |
| २८.२४ | गाई, भैंसी गोबर परिक्षण | १५० | १५० |
| २८.२५ | भेडा, बाखा गोबर परिक्षण | | |
| २८.२६ | सुँगुर, बंगुर गोबर परिक्षण | | |
| २८.२७ | पन्छी सबैखाले गोबर परिक्षण | | |
| २८.२८ | गाई, भैंसी थुनेलो परिक्षण | | |
| २८.२९ | भेडा, बाखा थुनेलो परिक्षण | | |
| २८.३० | राँगा, भैंसी नमूना संकलन | | |
| २८.३१ | गाई, गोरु नमूना संकलन | | |
| २८.३२ | भेडा, बाखा नमूना संकलन | | |
| २८.३३ | कुकुर, बिरालो नमूना संकलन | | |
| २८.३४ | सुँगुर, बंगुर नमूना संकलन | | |
| २८.३५ | सबैखाले पन्छी नमूना संकलन | | |
| २९ | **पोष्ट मार्टम** | | |
| | कुखुरा हाँस प्रति जीउ | २०। | २०। |
| | भेडा बाखा प्रति जीउ | १००। | १००। |
| | सुँगुर बंगुर प्रति जीउ | १००। | १००। |
| | गाई, भैसी, घोडा, खच्चर प्रति जीउ | १५० । | १५० । |
| | नगरपालिका हल भाडा (नगरपालिकाको जेनेटर प्रयोग गर्नु पर्दा इन्धनको मुल्य आफैं व्यहोर्नु पर्ने छ। | १५००। | १५००। |
| ३० | **आयस्रोत प्रमाणित (बिद्यार्थी प्रयोजन)** | | |
| | १० लाख सम्म | ५०० | ५०० |
| | २० लाख सम्म | १००० | १००० |
| | २० लाख भन्दा माथी | २००० | २००० |
| ३१. | **आयस्रोत प्रमाणित (बिद्यार्थी बाहेक)** | | |
| | १० लाख सम्म | १००० | १००० |
| | २० लाख सम्म | २००० | २००० |
| | २० लाख भन्दा माथी | ५००० | ५००० |
| ३२. | **घर जग्गा मुल्याङ्कन (बिद्यार्थी प्रयोजन)** | | |
| | २५ लाख सम्म | ५०० | ५०० |
| | ५० लाख सम्म | १००० | १००० |
| | ५० लाख भन्दा माथी | २००० | २००० |
| ३३. | **घर जग्गा मुल्याङ्कन (बिद्यार्थी बाहेक)** | | |
| | २५ लाख सम्म | १००० | १००० |

| | | | |
|---|---|---|---|
| | ५० लाख सम्म | २००० | २००० |
| | ५० लाख भन्दा माथी | २००० | २००० |
| ३४. | कृषि विकास शाखाबाट प्रदान गरिने सेवाको सेवाशुल्क/दस्तुरः | | |
| खाद्यन्न निकासी/ढुवानी सम्बन्धी सिफारिस दस्तुरः (राजस्व शिर्षक नं.: १४२४३) | | | |
| | १ क्वीन्टल सम्मको खाद्यन्नमा | १०० | १०० |
| | १ क्वीन्टल भन्दा बढि १० क्वीन्टल सम्मको खाद्यन्नमा | २०० | २०० |
| | १० क्वीन्टल भन्दा बढि २० क्वीन्टल सम्मको खाद्यन्नमा | ५०० | ५०० |
| | २० क्वीन्टल भन्दा बढि ५० क्वीन्टल सम्मको खाद्यन्नमा | १००० | १००० |
| | ५० क्वीन्टल भन्दा बढि १०० क्वीन्टल सम्मको खाद्यन्नमा | २००० | २००० |
| ३५. | तरकारी निकासी/ढुवानी सम्बन्धी सिफारिसः (राजस्व शिर्षक नं.: १४२४३) | | |
| | १ क्वीन्टल सम्मको खाद्यन्नमा | १५० | १५० |
| | १ क्वीन्टल भन्दा बढि १० क्वीन्टल सम्मको तरकारीमा | ३०० | ३०० |
| | १० क्वीन्टल भन्दा बढि २० क्वीन्टल सम्मको तरकारीमा | ७५० | ७५० |
| | २० क्वीन्टल भन्दा बढि ५० क्वीन्टल सम्मको तरकारीमा | १५०० | १५०० |
| | ५० क्वीन्टल भन्दा बढि १०० क्वीन्टल सम्मको तरकारीमा | ३००० | ३००० |
| ३६ | कृषि सम्बन्धी अन्य सामान्य सिफारिस (राजस्व शिर्षक नं.: १४२४३) | | |
| ३६.१ | स्याउ निकासी तथा ढुवानीमा प्रति के.जी | रु.१ | रु.१ |
| ३६.२ | ओखर निकासी प्रति के.जी | | रु. ५ |

## आव ०८३।०८४ को लागि नक्शा पास दस्तुर

| क.स | करको बनावट | राजमार्गतथा मुख्य बजार सडकको दायाँ बायाँ बन्ने घरको दर प्रति वर्ग फिट (रु) | अन्य पिच सडकको दायाँकायाँ बन्ने घर को दर प्रति वर्ग फिट (रु) | अन्य सडक वा ठाउँमा बन्ने घर को दर प्रति वर्ग फिट (रु) |
|---|---|---|---|---|
| | **आर सि सि ढलान बनावट** | | | |
| १ | भुई तला | २.२५ | २.०० | १.७५ |
| २ | प्रथम तला | २.५० | २.२५ | २.०० |
| ३ | दोस्रो तला र सो भन्दा माथि | ३.०० | २.७५ | २.५०स |
| | **लोड वियरिङ् बनावटको ढलान तथा कडि पाटन** | | | |

| | | | | |
|---|---|---|---|---|
| क | भुई तला | २.०० | १.५० | १.०० |
| ख | प्रथम तला | २.२५ | १.७५ | १.२५ |
| ग | दास्रो तला र सो भन्दा माथि | २.५० | २.०० | १.५० |
| | **ईट्टालाई सि.म. माटो मसला जोडाई गरि बनेको जस्ता छाना भएको** | | | |
| क | भुई तला | १.७५ | १.५० | १.२५ |
| ख | प्रथम तला | २.०० | १.५० | १.२५ |
| ग | दोस्रो तला र सो भन्दा माथि | २.२५ | २.०० | १.५० |
| | घर नक्सा पास निवेदन फाराम ५००। नक्सा पास गर्दा रेखाङकन शुल्क (क)६५ वर्ग मिटरसम्म रु ३००। (ख) ६६ वर्ग मिटरदेखि ९० वर्ग मिटरसम्मः ५००। (ग) ९१ वर्ग मिटरदेखी ११५ वर्ग मिटरसम्मः ७००। (घ) ११६ वर्गमिटरदेखि मिटरसम्मः १०००। | | | |

## एम्बुलेन्स सेवा शुल्क

| सि.न. | बिवरण | दर रु |
|---|---|---|
| १ | रास्कोट अस्पताल देखि रास्कोट आर.सि.पि. बजार | ५०० |
| २ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर ९ | १००० |
| ३ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर ८ | १००० |
| ४ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर ७ | १००० |
| ५ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर ६ | १००० |
| ६ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर ५ | १००० |
| ८ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर ४ | १००० |
| ९ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर ३ | १००० |
| १० | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर २ | १००० |
| ११ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर १ | १००० |
| १२ | रास्कोट अस्पताल देखि रास्कोट वडा नम्बर १ बहलतोला | १५०० |
| १३ | रास्कोट अस्पताल देखि सान्तिघाट | १५०० |
| १४ | रास्कोट अस्पताल देखि मुम्रा | ३००० |
| १५ | रास्कोट अस्पताल देखि मेहलमुडी | ४५०० |
| १६ | रास्कोट अस्पताल देखि जिते | ४५०० |
| १७ | रास्कोट अस्पताल देखि थिर्पु | ४५०० |
| १८ | रास्कोट अस्पताल देखि मान्म | ६००० |
| १९ | रास्कोट अस्पताल देखि जुम्ला | १०००० |
| २० | रास्कोट अस्पताल देखि सुर्खेत | १२००० |
| २१ | रास्कोट अस्पताल देखि नेपालगञ्ज | १६००० |

## सडक सेवा शुल्क (पटके सवारी कर)

| क्र.स | विवरण | शुल्क |
|---|---|---|
| १ | माल बाहक ट्रक प्रति दिन | रु.५००। |
| २ | टिपर प्रति दिन | रु.५००। |
| २ | ट्याक्टर प्रति पटक | रु.२००। |

## अनुसूची- ९

### (दफाः १७ संग संबन्धित)

### दण्ड जरिवानाः राजस्व शिर्षक नं.: १४३१२

(क) कर छुटः

यस आर्थिक ऐन बमोजिम कर तिर्ने दायित्व भएका सबै प्रकारका  व्यवसाय, सम्पत्ति कर, भुमीकर (मालपोत) कर आर्थिक वर्षको असोज मसान्त भित्र बुझाएमा चालु आ.व.को कर शुल्कमा एकमुष्ट १०% कर छुट प्रदान गरिनेछ । साथै महिलाको नाममा व्यापार व्यवसाय दर्ता भएमा दर्ता शुल्कमा ५०% सम्म कर छुट प्रदान गरिने छ ।

**(ख) करदातालाई दण्ड/जरिवाना**

यस ऐनबमोजिम सम्पत्ति कर र भूमिकर /मालपोत तिर्नुपर्ने दायित्व भएका करदाताले कुनै आर्थिक वर्षको कर सोही आर्थिक वर्षभित्र तिर्न/बुझाउनु पर्नेछ। अन्यथा भएमा देहायबमोजिम दण्ड जरिवाना लाग्ने छ ।

| क्र.सं. | व्यहोरा | दण्ड जरिवाना |
|---|---|---|
| १. | १ वर्ष ढिलाई भएकोमा | जम्मा कर रकमको ५% |
| २. | २ वर्ष ढिलाई भएकोमा | जम्मा कर रकमको १०% |
| ३. | ३ वर्ष ढिलाई भएकोमा | जम्मा कर रकमको १५% |
| ४. | ४ वर्ष ढिलाई भएकोमा | जम्मा कर रकमको २०% |
| ५. | ५ वर्ष ढिलाई भएकोमा | जम्मा कर रकमको २५% |
| ६. | ५ वर्ष भन्दा वढि ढिलाई गरेकोमा | जम्मा तिर्नुपर्ने करको एकमुष्ट रकमको ३५% |
| **पूनश्चः** ऐन बमोजिमको सम्पत्ति कर र भूमिकर सोही वर्ष नबुझाई लगत्तैको अर्को वर्ष बुझाउन आएमा १ वर्ष ढिला भएको मानिनेछ। | | |

**(ग) संकलनकर्ता दण्ड जरिवानाः**

यस ऐन बमोजिम प्रत्येक महिना संकलन हुने रकम राजश्व संकलन गर्ने वडा कार्यालय, विषयगत शाखाहरुले मासिक वा दैनिक रुपमा दाखिला गर्नुपर्ने छ। वडा कार्यालयको हकमा दैनिक बैक दाखिला गर्न सम्भव नभएको अवस्थामा मासिक रुपमा प्रत्येक महिना व्यतित भएको (७) सात गते भित्र अनिवार्यरुपमा बैक दाखिला गर्नुपर्नेछ। अन्यथा संकलनकर्ताहरुबाट देहाय बमोजिमको दण्ड र जरिवाना तिरी बैंक दाखिला गर्नुपर्ने छ।

## दण्ड जरिवाना विवरण

| क्र.सं. | ढिलाइ भएको अवधि | जरिवाना (जम्मा कर रकमको) |
|---|---|---|
| १. | १ महिना ढिलाइ भएमा | १०% |
| २. | २ महिना ढिलाइ भएमा | २०% |

| | | |
|---|---|---|
| ३. | ३ महिना ढिलाइ भएमा | ३०% |
| ४. | ४ महिना ढिलाइ भएमा | ४०% |
| ५. | ५ महिना ढिलाइ भएमा | ५०% |
| ६. | ५ महिना भन्दा बढी ढिलाइ भएमा | १००% (एकमुष्ट) |

प्रदेश सरकार संग समन्वयमा रास्कोट नगरपालिका भित्रको दहत्तर बहत्तर कर संकलनलाई प्राथमिकतामा राखि संकलन गरिने छ ।

आज्ञाले
(महेश अधिकारी)
प्रमुख प्रशासकिय अधिकृत
रास्कोट नगरपालिका
कालीकोट, कर्णाली प्रदेश नेपाल

**इति सम्बत २०८३ साल असार ७ गते रोज १ शुभम् ।**